Regd. No.: 621/054/55 CDO
6892/054/55 SWC

नेपाल अपाङ्ग महिला संघ

**Nepal Disabled Women Association (NDWA)**

Kalopul, Kathmandu

Estd-2054(1998)

Nepal Disabled Women Association (NDWA) *Estd.2054*

## प्रेस विज्ञप्ति

मिति:२०८२/०६/०१

मिति २०८२/०५/२३-२४ गते (तदनुसार सेप्टेम्बर ८ र ९) का दिन जेन-जी पुस्ताको आह्वानमा भएको शान्तिपूर्ण आन्दोलन हिंसात्मक मोडमा परिणत भई ७० भन्दा धैरै बालबालिका र युवाहरुले आफ्ना अमूल्य जीवन गुमाउनु अत्यन्तै दुःखद् घटना हो । यी घटनाले बालबालिकाको सुरक्षा, जीवन र अधिकार सुनिश्चित गर्न तत्काल र प्रभावकारी कदम चाल्नुको औचित्य तथा अत्यावश्यकता अझ स्पष्ट पारेको छ ।

बालबालिका र युवाले शान्तिपूर्ण रुपमा आफ्नो विचार व्यक्त गर्ने अधिकार नेपालको संविधानमा सुनिश्चित गरिएको मौलिक अधिकार मात्र होइन, नेपालले अनुमोदन गरेको बालअधिकार सम्बन्धी महासन्धि लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग प्रत्यक्ष सम्बन्धित छ ।

नेपालले अन्तराष्ट्रिय मञ्चहरूमा पटक-पटक बालबालिकाहरूको सर्वोत्तम हितलाई संरक्षण गर्ने वाचा गरेका सन्दर्भमा, आन्दोलनका क्रममा बालबालिका तथा युवाहरू माथि भएको हिंसा र दमन अस्वीकार्य छ । बालबालिका राष्ट्रको भविष्य हुन् र उनीहरुको सुरक्षा, शिक्षा र अधिकारको प्रत्याभूति गर्नु हाम्रो साझा जिम्मेवारी र कर्तव्य हो । हामी उक्त घटनामा परी शहादत प्राप्त गरेका सम्पूर्ण बालबालिका, जेन-जी युवाहरू, राष्ट्रसेवक तथा सुरक्षाकर्मीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहिद परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै, उक्त घटनामा घाइते भएका तथा प्रभावित बालबालिका र युवाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । हामी घाइतेहरूको निःशुल्क उपचार, पुनर्स्थापना, मनोसामाजिक परामर्श, राहत तथा आवश्यक सहयोगको तत्काल व्यवस्था गर्न र मन्त्रिपरिषदबाट भएको निर्णय यथाशीघ्र कार्यान्वयन गर्न सरकारसँग माग गर्दछौं ।

मुलुकमा सृजित पछिल्लो राजनैतिक घटनाक्रमले अपाङ्गता भएका व्यक्तिहरू तथा युवाहरूले देखेको साझा भविष्य र सुन्दर सपना निर्माणमा समेत अवरोध सिर्जना गरेको छ । उनीहरूले नियमित रुपमा प्रयोग गर्ने स्वास्थ्य सहायक सामग्री, औषधी, पुनर्स्थापना तथा आयआर्जन लगायतको क्रियाकलापमा समेत सीमितता बढेर गएको र मानसिक विक्षिप्तता वृद्धि भएको महसुस भएको छ । फलतः उनीहरूको पुनर्स्थापनाका आवश्यकताहरू पुरा गर्न, विशेष गरी अति तथा पूर्ण अशक्त अपाङ्गता भएका महिलाको अभिभावक र संरक्षकहरूलाई यस घटनाले गम्भीर असर पुर्याएको छ र उनीहरूको जीविकोपार्जनमा पारेको प्रभावप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यसले उनीहरूको सुन्दर र समावेशी भविष्य निर्माणका लागि साझा र दिगो प्रयासको अपरिहार्यता देखाएको छ ।

वर्षौंदेखि पछाडि परेका अपाङ्गता भएका महिला, बालबालिका तथा युवाको वृत्ति विकास, समावेशी सहभागिता र अधिकारका लागि नेपाल अपाङ्ग महिला संघले झण्डै तीन दशकदेखि नेपाल सरकार तथा विभिन्न सरोकारवालासँग मिलेर समावेशी भविष्य निर्माणको प्रयास गर्दै आएको छ । हालको अन्तरिम सरकारमा महिला प्रधानमन्त्री हुनु राष्ट्रको गौरव हो, र सरकारद्वारा गठन गरिने निकायमा अपाङ्गता भएका महिलालाई प्राथमिकतामा राखी संविधान प्रदत्त प्रतिनिधित्व सुनिश्चित गर्न अपील गर्दछौं ।

यस घटनाको स्वतन्त्र, निष्पक्ष र पारदर्शी छानविन गरी दोषीमाथि कारवाही गर्न तथा मृतकका परिवारका माग पुरा गरि उनीहरूको सामाजिक पुनर्स्थापनालाई प्राथमिकीकरण गरि सम्बोधन गर्दै भविष्यमा यस किसिमका घटनाहरू नदोहोरिन भन्नका लागि आवश्यक सुरक्षा प्रबन्ध गर्नु राज्यको दायित्व हो । देशभरिका यी घटनाले बालबालिका र महिलाको अधिकारको संरक्षण, हिंसा रोकथाम र सुरक्षित वातावरण निर्माणमा अझ गम्भीर र दीर्घकालीन कदम आवश्यक भएको देखाएको छ । हामी सरकारसँग वार्ता र संवादमार्फत जेन-जी युवाले उठाएका सवालहरूको उचित सम्बोधन गर्न जोडदार माग गर्दछौं । साथै, सम्पूर्ण रणनीतिक र सुरक्षा सम्बन्धी निर्णय प्रक्रिया लिँदा उच्च संवेदनशीलता अपनाउन आग्रह गर्दछौं ।

...............................

**मीना पौडेल**

**अध्यक्ष**

**एवं**

**नेपाल अपाङ्ग महिला संघ परिवार**